# तोमाकोमाइ नगरको बहु सांस्कृतिक सह-अस्तित्व निर्देशिका

## संक्षिप्त संस्करण



2025 मार्च
तोमाकोमाइ नगरपालिका

## तोमाकोमाइ नगरको बहु-सांस्कृतिक सह-अस्तित्व निर्देशिका भनेको के हो?

तोमाकोमाइ नगरको बहु-सांस्कृतिक सह-अस्तित्व निर्देशिका भन्नाले, तोमाकोमाइ नगरमा बसोबास गर्ने सम्पूर्ण नगरवासीहरूले, विभिन्न देश र संस्कृतिको भिन्नतालाई स्विकार गरी, सबै जना मिलेर रमाइलोसँग जीवनयापन गर्नको लागि, के कस्ता कार्य गर्दा राम्रो हुन्छ भन्ने कुराहरू उल्लेखित गाइड लाइन हो।

बहु-सांस्कृतिक सह-अस्तित्व भन्नाले, विभिन्न देशबाट आएर बसेका व्यक्तिहरू, सबै जना मिलीजुली बसोबास गरिरहेको कुरा जनाउने शब्द हो। त्यसै गरी, निर्देशिका भनेको, गाइडलाइन भन्ने अर्थ हो।



## के को लागि बनाउने हो?

तोमाकोमाइ नगरको बहु-सांस्कृतिक सह-अस्तित्व निर्देशिका, तोमाकोमाइ नगरमा पहिलो पटक आएका व्यक्तिहरुले पनि, पहिला देखि यहाँ बसोबास गर्दै आएका व्यक्तिहरूले पनि, जीवनयापन गर्न सहज स्थान रहेछ भनि महसुस गर्न सक्ने शहर निर्माणको लागि बनाउने हो।

सबै नगरवासीहरू मिलीजुली बस्न र काम गर्न सहज शहर बनाएर, सबैले मिलेर सहकार्य गरेर तोमाकोमाइ नगरलाई अझ राम्रो स्थान बनाउने अपेक्षा लिएर बनाएको हो।

साथै आगामी दिनहरूमा पनि, तोमाकोमाइ नगरलाई विश्वसामु खुल्ला शहर बनाइ राख्न के कस्ता कार्यहरू गर्नु आवश्यक छ भन्ने कुरा, सबै जनाले विचार गर्नको लागि यो एक सुरुवाती विन्दु हुनेछ।



## कसको लागि बनाउने हो?

तोमाकोमाइ नगरको बहु-सांस्कृतिक सह-अस्तित्व निर्देशिका, तोमाकोमाइ नगरमा बसोबास गरिरहेका र यहाँ काम गर्ने सबै मानिसहरूलाई ध्यानमा राखि बनाइएको छ। विशेषगरी, विदेशबाट तोमाकोमाइ नगरमा आएका व्यक्तिहरू, भाषा र रहन-सहनको भिन्नताको ख्याल नगरी जीवनयापन गर्न सकून् भन्ने सोचले बनाइएको हो।

साथै, बालबालिकाहरूले, विभिन्न देश र संस्कृतिको भिन्नताको बारेमा बुझेर, भविष्यमा, विश्वमा सक्रिय भूमिका खेल्न सक्ने व्यक्ति बनून् भन्ने अपेक्षा लिएका छौं।



## के कस्ता कुराहरू गर्ने हो?

यो निर्देशिकामा, सबै भन्दा पहिला ठूलो लक्ष्य निर्धारण गरी, त्यसलाई साकार पार्नको लागि के कस्ता कदम चाल्नु पर्ने हो सो कुरा स्पष्ट गरिएको छ। यो पृष्ठ र अर्को पृष्ठमा, के कस्ता कुराहरू गर्ने हो, त्यसको बारेमा विस्तृत रुपमा उल्लेख छ।

**लक्ष्य निर्धारण**

**तपाईसँग बनाउने**
**तपाईसगै चम्किने**

तोमाकोमाइ नगर, विश्वसँग जोडिने बहु सांस्कृतिक सह-अस्तित्वको शहर

**मुख्य लक्ष्यहरू**

**लक्ष्य I**

**मिलेर जीवनयापन**
**बसोबास गरि रहौं जस्तो लाग्ने स्थानको निर्माण**

**लक्ष्य II**

**मिलेर हुर्काउने**
**स्वतन्त्र रुपमा निर्णय गर्न सक्ने, सक्रिय रुपमा भूमिका खेल्न सक्ने जनशक्तिको विकास गर्ने**

**लक्ष्य III**

**मिलेर काम गर्ने**
**मानिस र शहर दुबैको विकास हुने औद्योगिक केन्द्रको शहर**

**लक्ष्य IV**

**मिलेर भविष्यलाई उज्यालो बनाउने**
**आकर्षण र चहलपहल सिर्जना गर्ने**

| आधारभूत नीति | नीतिहरू |
|---|---|
| **1**<br>**क्षेत्रीय बहु सांस्कृतिक समावेशीताको विकास** | 1-1 सरल जापानीज भाषाको प्रयोगलाई बढाउने<br>1-2 ज्ञान, सीप र अनुभवलाई शेयर गर्ने |
| **2**<br>**जीवनयापनका आधारलाई टेवा दिने कार्यक्रमलाई सुदृढीकरण** | 2-1 प्रक्रियालाई सरलीकरण<br>2-2 दस्तावेजलाई सरल जापानीज भाषामा रूपान्तरण<br>2-3 काउन्टर र सूचना बोर्डहरू बहु भाषामा |
| **3**<br>**सुरक्षित र शान्तिपूर्वक जीवनयापनको प्रवर्द्धन** | 3-1 विपद् रोकथाम तथा अपराध रोकथाम बारेमा सचेतना अभिवृद्धि<br>3-2 सामाजिक सुरक्षासँग सम्बन्धित सेवालाई सुधार<br>3-3 घर वरिपरिको वातावरणसँग सम्बन्धि ज्ञानलाई बढवा दिने |
| **4**<br>**दक्षताको स्तर अनुसार पारस्परिक अन्तरक्रियाको प्रवर्द्धन** | 4-1 सिकाइमा आधारित जापानीज भाषाको शिक्षालाई विस्तार गर्ने<br>4-2 अन्तरक्रियामा आधारित जापानीज भाषामा दिने सहायतालाई विस्तार |
| **5**<br>**सर्वव्यापी जापानीज भाषा अध्ययन गर्ने वातावरण निर्माण** | 5-1 ICT प्रयोग गरेर अध्ययन गर्ने अवसर प्रदान गर्ने<br>5-2 स्व-अध्ययन गर्ने वातावरण सृजना गर्ने |
| **6**<br>**बिदाको समयमा गर्ने गतिविधिहरू प्रशस्त** | 6-1 स्थानीय कार्यक्रम तथा इभेन्टलाई जीवन्त बनाउने<br>6-2 घुलमिल हुने कार्यक्रमहरू तयार गर्ने |
| **7**<br>**सरकारसँगको सहकार्यमा औद्योगिक शिक्षालाई विस्तार** | 7-1 औद्योगिक शिक्षा दिने कार्यक्रमलाई सहयोगको व्यवस्था गर्ने<br>7-2 स्थानीय तहको बसोबास सहायता निकायहरूसँगको सहकार्यलाई विस्तार |
| **8**<br>**कम्पनीहरू बीचको सहकार्यलाई बढवा दिने** | 8-1 कम्पनीहरू बीचको नेटवर्कलाई मजबुत पार्ने<br>8-2 स्रोतलाई सामूहिक रुपमा प्रयोग गर्ने प्रणालीको विकास |
| **9**<br>**वृहत् रुपमा रोजगार सहयोग प्रदान** | 9-1 स्थानीय रोजगार सहयोग निकायहरूसँगको सहकार्य बारे सोचिरहेको<br>9-2 साथमा आएका परिवारलाई रोजगार खोज्न सहयोग |
| **10**<br>**सीमा रहित सूचना प्रवाहलाई सुदृढीकरण** | 10-1 युवा वर्गसँग सहकार्य गरी सूचना प्रवाह गर्ने<br>10-2 विभिन्न देशका नागरिकहरूको नेतृत्वमा सूचना प्रवाह |
| **11**<br>**तोमाकोमाइको आकर्षणलाई शेयर गर्ने** | 11-1 तोमाकोमाइको बारेमा अध्ययन गर्ने अवसर प्रदान<br>11-2 विभिन्न दृष्टिकोणबाट प्रवर्द्धन |
| **12**<br>**दिगो प्रवर्द्धन प्रणालीको विकास** | 12-1 समन्वय गर्ने जनशक्ति भर्ती तथा दक्ष जनशक्ति उत्पादन<br>12-2 वृहत रुपमा सहकार्य र सहयोगको प्रणाली निर्माण |

तोमाकोमाइ नगरको बहु-सांस्कृतिक सह-अस्तित्व निर्देशिका
2025 मार्च
तोमाकोमाइ नगरपालिका वृहत् नीति निर्माण महाशाखा,
भविष्य निर्माणको रणनीति शाखा
〒053-8722　तोमाकोमाइ-सी, आसाही-माची 4-5-6
फोन  0144-32-6157　 फ्याक्स  0144-34-7110
E-Mail  mirai@city.tomakomai.hokkaido.jp

